## मधुवन नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्याः ७** **प्रमाणीकरण मितिः २०७९।१२।१०**

**प्रकाशन मितिः २०७९।१२।१०**

## भाग-२

## मधुवन नगरपालिका


# नगरप्रमुख शैक्षिक सुधार तथा गुणस्तरीय निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधी

**प्रस्तावनाः** संविधानद्वारा प्रदत्त शिक्षा सम्बन्धि हकलाई सुनिश्चित गर्दै यस नगरपालिकाभित्रका सबै नागरिकका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी सार्वजनिक शिक्षालाई सबैको आकर्षणको केन्द्र बनाई नगरपालिका भित्र नगरप्रमुख शैक्षिक सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने उदेश्यले मधुवन नगरपालिकाको प्रशासकिय कार्यविधी (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७९/१२/१० गते बसेको बैठकले यो नगरप्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यन्वयन कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

### परिच्छेद-१
### परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम"नगरप्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९"रहेको छ।

(ख) यो कार्यविधि मधुवन नगरपलिकाको राजपत्रमा प्रकाशन भएपछि मधुवन नगरपालिकाक्षेत्रभर लागू हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) “कार्यपालिका”भन्नाले मधुवन नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ख) “सभा”भन्नाले मधुवन नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(ग) “कार्यालय”भन्नाले मधुवन नगर कार्यपालिकाको कार्यालयसम्झनुपर्छ।

(घ) “नगरपालिका”भन्नाले मधुवन नगरपालिका सम्झनु पर्दछ ।

(ङ) “कार्यविधि”भन्नाले“नगरप्रमुख शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधी **२०७९**”लाई सम्झनुपर्छ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले मधुवन नगरपालिकाकोप्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ |

(छ) “आर्थिक प्रशासन शाखा”भन्नाले मधुवन नगर कार्यपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ।

(ज) “शिक्षा शाखा”भन्नाले मधुवन नगर कार्यपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

(झ) “सामुदायिक विद्यालय”भन्नाले नेपाल सरकारद्धारा नियमित अनुदान प्राप्त गर्ने मधुवन नगरपालिका भित्रका विद्यालय सम्झनु पर्दछ।

(ञ) “शिक्षक”भन्नाले सामुदायिकविद्यालयमा अध्यापन गर्ने अध्यापकलाईसम्झनुपर्छसो शव्दले प्रधानाध्यापकलाई समेत जनाउदछ।

(ट) “स्वीकृत बजेट”भन्नाले सभाबाट विनियोजितबजेटका साथै संघ संस्थावाट प्राप्त रकमलाई समेत जनाउदछ।

(ठ) “शिक्षा समिति”भन्नाले मधुवन नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य, रणनीति र कार्यक्षेत्र

**३. कार्यक्रमकोउद्देश्यः** कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् :

१ मधुवन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातका आधारमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने र अनुदान रकम वितरण गर्ने

२ विद्यालय छाड्ने प्रवृती कम गर्नका नियमित आवश्यक विशेष कार्यक्रम सञ्चालनगर्ने ।

३ बिपन्न परिवारका बालबालिकालाई शैक्षिक सामग्री तथा छात्रवृत्ति उपलब्ध गराउने |

४ बिद्यालयमा अपुग जनशक्ति व्यवस्थापन गर्ने तथा गुणस्तरीय शिक्षणका लागी जनशक्तिको शैक्षणिक क्षमता बिकासगराउने |

५ शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक कर्मचारीको दरबन्दी मिलान काजपदस्थापना दरवन्दी पुन:वितरण गर्नुपर्ने भएमा सो कार्य सम्पादन गर्नसहयोग गर्ने।

६ परिक्षा,मुल्याङ्कन,अनुगमन,खेलकुद,अतिरिक्त कृयाकलापलाई नियमन र व्यवस्थित गर्ने।

**४. रणनीतिः** यस कार्यक्रमको उद्देश्य प्राप्त गर्नका लागि देहाय वमोजिमको नीतिहरु अवलम्बन गरिनेछ।

१ हरेक वर्ष विद्यार्थी संख्याको आधारमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने र विद्यार्थी सँख्या कम भएको विद्यालयवाट वढी भएको विद्यालयमा शिक्षक दरबन्दी मिलान गरी शिक्षकलाई कामकाज गर्ने गरी व्यवस्थापन गर्नसहयोग गर्ने।

२ सामुदायिक विद्यालयमा हुने परीक्षा, अतिरिक्त कृयाकलाप, मसलन्द, खानेपानी तथाविद्युत महशुल, इन्टरनेट लगायत विद्यालयमा आवश्यक पर्ने विविध खर्चको व्यवस्थापन मिलाउन विद्यालयलाई नियमित अतिरिक्त अनुदान प्रदान गर्ने।

३ असाहाय विपन्न लक्षितवर्गका वालवलिकालाई विद्यालयको पँहुच भित्र ल्याउन छात्रवृत्ती लगायत शैक्षिक सहायताका विशेष कार्यक्रम बनाई सञ्चालन गर्ने।

४ ईलेक्ट्रोनिक र डिजिटल उपकरणको व्यवस्था गरी बिद्यालयमा बिधुतिय प्रणाली मार्फत अध्ययन अध्यापन हुने व्यवस्था मिलाउने र सुचना प्रविधिमा विद्यालयको क्षमता वृद्धिगरि शैक्षिक गुणस्तर मा वृद्धि गर्ने

५ लक्षित बर्ग ,स्थानीय तह र गैर सरकारी संघसस्था संगको समन्वय र सहकार्यमा बिशेष कार्यक्रमहरु बनाइ संचालन गर्ने |

**५. लक्षितसमूहः** यस कार्यक्रमका लक्षित समूह देहाय वमोजिम हुनेछन्:

१ सामुदायिक विद्यालय र वालविकास केन्द्रहरुमा अध्ययनरत विपन्न अपाङ्ग दलित र जेहेन्दार विद्यार्थीहरु

२ आधारभुत र माध्यमिक विद्यालय

३ आधारभुत र माध्यमिक विद्यालयहरुमा अध्यापनरत जनशक्ती

४ विद्यार्थी तथा विद्यालय शिक्षाका सरोकारवाला सम्बन्धित पक्षहरु

## परिच्छेद-३

**६. सञ्चालन गरिने कियाकलापः**

(१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

**(क) शैक्षिक गुणस्तर सुधार सम्बन्धी क्रियाकलापहरुः**

१. विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालय भर्ना गराउने र विद्यालयमा भर्ना भएका वालवालिकाहरुलाई विद्यालय छोड्न रोक्नवाट छात्रवृतीको व्यवस्था गर्ने।

२. सामुदायिक विद्यालयमा यथार्थ तथ्याङ्कको आधारमा शिक्षक विद्यार्थीको अनुपातका आधारमा गुणस्तरीय र नि:शुल्क शिक्षाका लागी शिक्षक अभाव भएका विद्यालयलाइ कक्षा, विषय तथा अंग्रेजी माध्यम सञ्चालन गरेका सोही तहका शिक्षक कर्मचारी आवश्यक देखिएमा आवश्यकताको आधारमाप्रति शिक्षकले सामान्यतया ६ पिरीयड शिक्षण गर्ने गरी आवश्यक पर्ने जनशक्ती व्यवस्थापन गर्ने।

३. बिपन्न तथा अपाङ्गता भएका बिद्यार्थीहरुको बिशेष आवश्यकता सम्बोधन गरी उनीहरुलाई बिद्यालय छाड्न बाध्य हुने अवस्था अन्त्य गर्न उपयुक्त सहायता र अन्य कार्य गर्ने।

४. अभिभावक भेला अन्तरकृया छलफल विद्यालय वार्षिक उत्सव कार्यक्रम सञ्चालन गर्ने।

**(ख) प्रशासनिक तथा पूर्वाधार व्यवस्थापन सम्वन्धी क्रियाकलापहरुः**

१. निशुल्क शिक्षाका लागी विद्यालयमा हुने,खानेपानी तथा विद्युत महसुल लगायतको खर्च

२. विद्यालयमा इन्टरनेट सुविधा जडान कार्यतथा महसुल खर्च

३. मर्मत र परिक्षाक्षेत्रमा हुने अति आवश्यक खर्च मात्र

४. बिद्यालय परिसरमा सरसफाई तथा स्वच्छ, स्वस्थ खानेपानी सुबिधा उपलब्ध गराउन आवश्यक भौतिक तथा अभौतिक सहयोग ,

५. बिद्यालयमा शौचालय निर्माण तथा व्यवस्थापन,अतिरिक्त कृयाकलाप र खेलकुद सम्बन्धि कार्य

६. शिक्षक, कर्मचारी र आवश्यक अन्य जनशाक्ति व्यवस्थापनका लागि अनुदान वा सञ्चालन खर्च

**(ग) मानब संसाधन तथा जनशक्ति व्यवस्थापन :-** नगरपलिका अन्तर्गतका बिद्यालयहरुको लागि संघ, प्रदेश र नगरपलिका (नगर, शाखा र वडा) बाट वितरित तथा बिनियोजन गरिएको बजेटलाई एकीकृत गरि शिक्षक बिद्यार्थी अनुपातका आधारमा मानब संशाधन तथा जनशक्ति व्यवस्थापनमा गरिनेछ र त्यस्ता जनशक्तीको क्षमता विकासका लागी तालिम,गोष्टीहरु सञ्चालन गर्ने।

(२) माथीउपदफा (१) मा उल्लेखित कार्यक्रमको कार्यक्षेत्र अन्तर्गत अनुसूची १बमोजिमको ढाँचामा आधारित हुनुपर्नेछ र छात्रवृतीको हकमा "छात्रवृती व्यवस्थापन कार्यविधी २०७८" वमोजिम हुनेछ।

**७. निर्देशक समिति :** (१) यस कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ ।

नगर प्रमुख — संयोजक

नगर उपप्रमुख— सदस्य

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

सामाजिक विकास समिति संयोजक — सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

योजना शाखा प्रमुख — सदस्य

शिक्षक महासंघको अध्यक्ष — सदस्य

शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्यायका बिज्ञबाट नगर प्रमुखले मनोनित गरेका १ जनासदस्य

शिक्षा शाखा प्रमुख — सदस्य सचिब

(२) **निर्देशक समितिको काम, कर्तब्य र अधिकार** :- निर्देशक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. निर्देशक समितिले विद्यालयको शैक्षिक गुणस्तर, भौतिक पूर्वाधार, शिक्षक बिद्यार्थी अनुपात लगाएतका समग्र कार्यक्रमको समन्वय ,अनुगमन , सहजीकरण र सिफारिस गर्ने ।

२. कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत निर्णय गरि कार्यन्वयन गर्ने गराउने ।

३. विद्यालय सञ्चालनका लागी आवश्यक स्रोतको व्यवस्थापन गर्ने।

४. शिक्षा सँग सरोकार राख्ने सरकारी तथा गैर सरकारी संघ, सस्था र व्यक्ति संग आवश्यक समन्वय, परामर्श तथा सहकार्य गर्ने ।

५. विद्यालयको नियमित अनुगमनतथा सुपरिक्षण गर्ने र सो कार्य गर्ने प्रणाली निर्धारण गर्ने।

६. शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक कर्मचारीको सरुवा काजपदस्थापना दरवन्दी पुन:वितरण गर्नुपर्ने भएमा सो कार्य सम्पादन गर्न कार्यपालिकालाई सिफारिस गर्ने।

**८. विद्यालयले चौमासिक रूपमा रकम निकासा माग गर्नु पर्नेः**

(१) विद्यालयले विद्यार्थीको कक्षागत रूपमा यथार्थ विद्यार्थी सङ्ख्या एवम् विद्यालय सञ्चालन भएको आधारमा शिक्षा शाखाले तोकेको ढाँचामा प्रत्येक त्रैमासिकमा कार्यालय समक्ष यस कार्यविधिको दफा ६ बमोजिमको रकम निकासा माग गर्नु पर्नेछ।

(२)  उपदफा (१) बमोजिम सम्बन्धित विद्यालयबाट रकम निकासा माग भई आएपश्चात् शिक्षा शाखाले आवश्यक छानविन गरी सिफारिस साथ रकम निकासा गरी दिनका लागि आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

(३)  उपदफा (२) बमोजिमको सिफारिस प्राप्त भएपश्चात् आर्थिक प्रशासन शाखाले सम्बन्धित विद्यालयको बैंक खातामा अनुदानको रुपमा रकम निकासा गरी दिनु पर्नेछ।

९. **परिक्षा मूल्याङ्कन प्रमाणीकरण संशोधन र सिफारिस सम्बन्धी व्यवस्थाः** नगरस्तरीय परीक्षा सञ्चालन तथा मूल्याङ्कनका लागी देहाय बमोजिम नगरस्तरी परीक्षा तथा मुल्याङ्कन समिति रहनेछ ।

- शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -  संयोजक
- विद्यालय तहमा अंग्रेजी, गणित/विज्ञान, सामाजिक र नेपाली विषय शिक्षण गर्ने शिक्षकहरु मध्येबाट प्र.अ. बैठकबाट मनोनित – ६ जना सदस्य
- नगरप्रमुखले तोकेको शिक्षक वा कर्मचारी– १ जना सदस्य
- प्र.अहरु मध्येबाट प्र.अ.हरुवाट मनोनित – १ जना सदस्यसचिव

९.१ शिक्षकले पाठ्यक्रम र मुल्याङ्कन प्रक्रियाले तोकेको कक्षामा हरेक पाठको अन्यमा विद्यार्थीको सिकाईको मूल्याङ्कन गरि निरन्तर मूल्याङ्कन ( CAS) अभिलेखमा जनाइ राख्नु पर्ने छ । निरन्तर मूल्याङ्कन थाति राखेर आवधिक र लिखित परीक्षालाई मात्र आधार बनाई आवधिक रुपमा गर्न पाइनेछैन, त्यस्तो गर्नेलाईकारवाही गरिने छ।

९.२ एकिकृत पाठ्यक्रमा तोकिएको विधि र प्रक्रियाको दायराको आधारमा मूल्याङ्कन नियमित समेत निरन्तर मूल्याङ्कन हुने गरी तोकिएको समय सिमा भित्र गर्नु पर्नेछ।

९.३ विषय गर्ने शिक्षकले हरेक एकाइको अन्त्यमा एकाइ परिक्षा लिई त्यसको नतिजा र विद्यार्थीले सुधार गर्नुपर्ने पक्षको पृष्ठपोषण तत्काल दिनुपर्ने ।

९.४ विद्यालयले प्रथम त्रैमासिक र अर्धवार्षिक परीक्षा विद्यालयको आन्तरीक परीक्षाका रुपमा आफैले वा सामुहिक रुपमा मिलेर गर्ने ।

९.५ सबै कक्षाको बार्षिक, आन्तरीक परीक्षा स्तरीकृत परीक्षाका रुपमा परीक्षा बोर्ड तथा नगर स्तरीय परीक्षा समितिले गर्ने ।

९.६ कक्षा ३ को ल्याकत परीक्षण गर्ने विद्यालयको सहभागितामा नगरस्तरीय परीक्षा मूल्याङ्कन समितिले सबै विषयको एउटै वा एक भन्दा बढी प्रश्नपत्र बनाई परीक्षा लिई वास्तविक सिकाई उपलब्धी पत्ता लगाउन सकिने।

९.७ हरेक कक्षाका विद्यार्थीलाई वार्षिक परीक्षाको परिणाम संगै अनिवार्य रुपमा लब्धाङ्क पत्र उपलब्ध गराउने ।

९.८ विद्यार्थीको मूल्याङ्कनलाई अक्षराङ्क पद्दती र GPA पद्दतीबाट अभिलेख गरि लब्धाङ्कपत्र (मार्कसिट) तयार पार्ने।

९.९ परीक्षामा सर्वात्कृष्ट छात्रछात्रा कुनै सिप तथा सिर्जनामा उत्कृष्ट छात्रछात्रा अनुशासनमा अनुकरणियहरु पहिचान गरि पुरस्कृत गर्ने ।

९.१० परीक्षाको परीक्षा परिणामसंगै कक्षागत, विषयगत बर्गिकृत विद्यार्थी गत सिकाई उपलब्धि र उत्तीर्ण प्रतिशत तालिका बनाई राख्ने विश्लेषण गर्ने र परीक्षा परिणाम घोषणा भएको १५ दिन भित्र शिक्षा शाखामा पठाउने ।

९.११ कक्षा १०, ११ र १२ को अन्तिम परीक्षा हुनु भन्दा कम्तिमा एक महिना अगावै वार्षिक अभ्यासू लिइ प्राप्ताङ्कका आधारमा सुधारगर्न पृष्ठपोषण गर्ने ।

९.१२ विद्यालयले हरेक शुक्रबार शुक्रबारीय कार्यक्रम गर्ने, शिक्षा दिवस, साक्षरता दिवस, बाल दिवस, संविधान दिवस, वातावरण दिवस, रेडक्रस दिवस, गणतन्त्र दिवस, जस्ता दिवस उत्सव र विद्यालय स्थापना दिवस विभिन्न प्रतिभा विकासका प्रतियोगिता संचालन, प्रवचन सहित मनाउने ।

९.१३ विद्यालयमा विद्यार्थी नेतृत्वमा सदनको गठन, जुनियर युवा रेडकर्स बाल क्लव गठन, खेलकुद तथा सास्कृतीक क्लवगठन, जस्ता विद्यार्थीको क्षमता विकास बातावरण नेतृत्व विकास, मानवियता प्रवर्धन, नैतिकता प्रवर्धन खेल हिंसा, बालविबाह नियन्त्रण, लैङ्गिक समता विकास हुने विकास गर्दै ल्याउने ।

## परिच्छेद-३

## विविध

**१०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः**

१ निर्देशक समितिले यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू गुणस्तरीय र पारदर्शी तवरले सञ्चालन भए/नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा मूल्यांकन गर्नेछ वा गर्न लगाउने छ ।

२ हरेक चौमासिकमा विद्यालयको प्रगती र उपलव्धी समिक्षा गरेर प्रगती उपलव्धीका आधारमा अनुदान दिने व्यवस्था गर्नु पर्नेछ ।

३ निर्देशक समितिले यस कार्यविधिमा व्यवस्था गरेका प्रावधानहरूको उपादेयता र आगामी दिनमा सुधार गर्नुपर्ने क्रियाकलाप र नगरपालिकाले चाल्नु पर्ने कदम समेत समावेश गरी सुझाब सहित प्रतिवेदन नगरसभामा समक्ष पेश गर्नु पर्नेछ।

**११. वजेट तर्जुमा खर्च तथा लेखाङ्कन लेखापरिक्षण तथा वित्तीय नियन्त्रणः**

१ विद्यालयमा निकासा भएको रकम प्रचलित कानुन वमोजिम खर्च व्यवस्थापन गर्नुपर्नेछ।

२ विद्यालयले प्रत्येक वर्षको साउन पन्ध्र भित्र वजेट तर्जुमा गरी साउन मसान्त भित्र स्विकृत गर्नुपर्नेछ ।

३ सामाजिक लेखापरीक्षण विद्यालयलेभाद्र मसान्त भित्र सम्पन्न गरी सक्नुपर्नेछ र अन्तीम लेखापरीक्षण मधुवन नगरपालिकाले सुचना जारी गरेपछी मंङ्सीरमसान्त सम्म सम्पन्न गर्ने र सोको प्रतिवेदन कार्यालयमा परीक्षण भएको १५ दिन भित्रउपलब्ध गराउनु पर्नेछ।

**१२.** प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**१३.** वाधा अड्काउ फुकाउसम्बन्धी व्यवस्थाःयो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागी नगरकार्यपालिकाकोबैठकले आवश्यक निर्णय गरि वाधा अड्काउ फूकाउ गर्नसक्नेछ।

# अनुसूची - १

## मधुवन नगरपालिका

### निशुल्क शिक्षा

| | | प्रावि | | | | निमावि | | | | मावि | | | | कर्मचारी/ अन्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विवरण | दर | पटक | परिमाण | जम्मा | दर | पटक | परिमाण | जम्मा | दर | पटक | परिमाण | जम्मा | दर | पटक | परिमाण | जम्मा | जम्मा |
| १ | विद्युत, मर्मत, कक्षा व्यवस्थापन अनुदान | १०००० | १ | १९४ | १९४०००० | १०००० | १ | ५७ | ५७०००० | १०००० | १ | ५८ | ५८०००० | ० | ० | ० | ० | ३०९०००० |
| २ | परीक्षा सञ्चालन खर्च अनुदान | २५० | १ | ३३९२ | ८४८००० | २५० | १ | १७१८ | ४२९५०० | २५० | १ | १९०५ | ४७६२५० | २०० | १ | ८०१ | १६०२०० | १९१३९५० |
| ३ | आतिरिक्त क्रियाकलाप अनुदान | १०००० | १ | १२ | १२०००० | २०००० | १ | ५ | १००००० | ४०००० | १ | १० | ४००००० | ० | ० | ० | ० | ६२०००० |
| ४ | कम्प्युटर मर्मत, फोटोकपी, थप मसलन्द खर्च अनुदान | ५००० | १ | १२ | ६०००० | १०००० | १ | ५ | ५०००० | २०००० | १ | १० | २००००० | ० | ० | ० | ० | ३१०००० |
| ५ | उत्कृष्ट विद्यालय तथा अनुशासित विद्यालय अनुदान | ५०००० | १ | १ | ५०००० | ५०००० | १ | १ | ५०००० | ५०००० | १ | १ | ५०००० | ० | ० | ० | ० | १५०००० |
| ६ | शिक्षक कर्मचारी पुरस्कार अनुदान | ५००० | १ | १ | ५००० | ५००० | १ | १ | ५००० | ५००० | १ | १ | ५००० | ५००० | १ | १ | ५००० | २०००० |
| ७ | खानेपानी, सरसफाई, बार्षिक उत्सव, फुलवारी आदि अनुदान | ७००० | १ | १२ | ८४००० | १५००० | १ | ५ | ७५००० | २५००० | १ | १० | २५०००० | ० | ० | ० | ० | ४०९००० |
| ८ | छात्रवृत्ति अनुदान (विपन्न,असाहय, टुहुरा, जेहेन्दार बालबालिका) | | | | ० | | | | ० | | | | ० | | | | १०००००० | १०००००० |
| ९ | अंग्रेजी माध्याम पाठ्यपुस्तक रकम अनुदान र कक्षा १-३ मुल्याङ्कन पुस्तिका छपाई | | | | ० | | | | ० | | | | ० | | | | २४८७०५० | २४८७०५० |
| जम्मा | | | | | ३१०७००० | | | | १२७९५०० | | | | १९६१२५० | | | | ३६५२२५० | १०००००००० |